फोन नं.: ०७८-५४११५४
ई-मेलः akcnawalpur@gmail.c

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

मितिः२०७९/०५/०१

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.पू.), आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक नवलपरा (ब.सु.पू.) जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा सहकारी संस्थाले मिति २०७९/५/३० गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्त सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैमा जानकारीको लागि यो सूच प्रकाशन गरिएको छ ।

तपसिलः

**क कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या/ लक्ष्य | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | बाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रु. ५०००/- अनुदान उपलब्ध गराईनेछ । | ५ हे. | ५०० | विविध कारणले कम्तिमा ३ वर्ष देखि बाँझो रहेको न्यूनतम ३ रोपनी क्षेत्रफलमा खेती गरिएको हु पर्ने । बाँझो जग्गाको फोटो पेश गर्नु पर्ने । |
| २. | तरकारीमा क्षेत्रफलको आधारमा प्रोत्साहन कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्ने कृषि फर्मले प्रति रोपनी रु. ३,०००/- र प्लाष्टिक घर भित्र खेती गर्ने कृषि फर्मले १०० वर्ग मिटरमा रु ३,०००/- | ४० हे. | २४०० | कम्तीमा २ रोपनी वा प्लाष्टिक घर भित्र कम्तीम २०० वर्ग मिटर क्षेत्रफलमा वार्षिक कम्तीमा २ सिजन तरकारी खेति गरेको हुनुपर्ने छ । |
| ३. | साना व्यवसायिक कृषि फर्म स्थापना र विस्तार कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | ५० वटा | १०००० | तरकारी/ पुष्प खेती- कम्तीमा ५ रो खुल्ल जमिनमा र २०० व.मि संरक्षित संरचनाभित्र खेत गरेको हुनुपर्ने फलफूल बालीमा कम्तीमा १० रो., च्याउ खेती- कन्ये/ गोब्रे च्याउ कम्तीमा १००० वर्गफिट क्षेत्रफलमा डोम हाउस, कम्तिमा ५०० मुढामा सिताके च्याउको व्यवसायिक खेती गर्नुपर्ने मौरीपालन- कम्तीमा ३० मौरी गोला सहितक घारमा व्यवसायिक मौरीपालन गर्नुपर्ने। |
| ४. | मसला बाली विकास कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान, ( आवश्यक पर्ने बीउ/बेर्ना, मल्चीङ्ग, नर्सरी व्यवस्थापन तथा विषादी लगायतका उत्पादन सामाग्रीहरु खरिद) | ५ हे | ५०० | अदुवा, बेसार, लसुन, प्याज, पिरो खुर्सानी बालिम कम्तीमा १० रो. जग्गामा व्यवसाय गर्नपर्ने । |
| ५. | बीउ उत्पादन कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान | १० हे. | १००० | बीउ उत्पादन (खाद्यान्न, तरकारी बाली, आलु तेलहन र दलहन) का लागि स्रोत बीउ खरिद, बीउ संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामाग्री खरिद भण्डारण र बजारीकरणमा व्यवस्थापन ग सकिने । |

गोपाल शर्मा लामिछाने
प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)**
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०७८-५४११५४
ई-मेलः akcnawalpur@gmail.co

**ख. कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले माग प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क्र. स | कार्यक्रमको नाम | अनुदानको सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | साना सिँचाई कार्यक्रम सञ्चालन | कुल लागतको ९०% सम्म अनुदान (बढिमा रु. २ लाख अनुदान उपलब्ध हुने) | ३० वटा | ६००० | साना कुलो निर्माण/ कुलो मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, पाईप सिँचाई, साना बाँध निर्माण आदी जस्ता कार्यकालागि आवेदन पेश गर्न सकिने । |
| २. | विशेष बाली प्रवर्धन कार्यक्रम | कुल लागतको ९०% सम्म अनुदान (बीउ खरिद,संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामाग्री खरिद भण्डारण र बजारीकरण) | ३० हे. | ३००० | क्लस्टरमा कम्तीमा ३० रोपनी थप क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई विषेश बाली (तोरी, सुर्यमुखी, मास, भटमास, मसुरो, बदाम, फापर, कोदो, जौ, उवा, कागुनो, गहत र मस्याङ) खेति गर्नुपर्नेछ। |
| ३. | सामुदायिक बिउ बैङ्क सञ्चालनका लागि सहयोग | कुल लागतको ९०% सम्म अनुदान, (भवन निर्माण,बीउ सुकाउने खलो, सेड निर्माण, बिषादी खरिद बीउ भण्डारण तथा बीउ प्रशोधन कार्य आदी) | १ वटा | २०० | सामुदायिक बिउ बैंक स्थापना गरिने क्षेत्रमा रैथाने तथा स्थानीय बालीहरुको बीउ उत्पादन गर्नुपर्नेछ । |
| ४. | रैथाने बाली प्रवर्धन कार्यक्रम | रैथाने बालीका बीउ, प्राङगारिक मल र कृषि सामाग्री खरीद लगायतका क्रियाकलापमा ९०% सम्म अनुदान | ४ वटा | ८०० | परम्परागत रुपमा क्लस्टरमा कम्तिमा १५ रो मा स्थानीय बालीहरु (जस्तै कोदो जौ फापर उवा कागुनो आदि) को उत्पादन, संकलन, संरक्षण एवं प्रवर्द्धन कार्यहरु। |

आवश्यक कागजातहरु:

१.निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३.सम्बन्धित स्थानिय तह कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको) ।

४.खेति विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५.कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठक वसि सो को निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलि PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

***नोटः* बीउ उत्पादन कार्यक्रम अन्तरगत आलु PBS दानाको हकमा आवेदन दिने मिति २०७९ भाद्र २१ सम्म हुनेछ ।**

*कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट nawalpur.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।*

**थप जानकारीको लागिः**

०७८-५४११५४, ९८५५०५३२४८, ९८४७२६९९८२, ९८४५२०३५४१, ९८४७१८६२७३ मा सम्पर्क गर्न सकिनेछ ।

गोपाल शर्मा लामिछाने
प्रमुख

फोन नं.: ०७८-५४११५४
ई-मेलः akcnawalpur@gmail.c

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

मितिः२०७९/०५/०१

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.पू.), आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक नवलपरा (व.सु.पू.) जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाले मिति २०७९/५/२१ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्त सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सबैमा जानकारीको लागि यो सूच प्रकाशन गरिएको छ ।

| क्र. स | कार्यक्रमको नाम | अनुदानको सहयोग रकम | कार्यक्रम संख्या/लक्ष्य | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | आलु खेति प्रबर्धन विषेश कार्यक्रम | बीउ/मल/ ग्रेडिङ, प्याकेजिङ आदीमा ९०% सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | २२ हे. | २२०० | कृषि समूह/सहकारी मार्फत क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेति लाई विस्तार गर्नुपर्ने। |
| २. | बालीको बिमा शुल्कमा अनुदान कार्यक्रम | कुल बिमा शूल्कको अधिकतम २५% | ३ पटक | ५०० | आ.व. २०७९/८० मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन् । पहिलो आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिईनेछ । |

आवश्यक कागजातहरुः

१.निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमकालागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३.सम्वन्धित स्थानिय तह कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको) ।

४.खेति विस्तारहुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५.कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठक वसि सो को निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलि PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. व्यक्तिगत कृषकको हकमा नागरिताको प्रतिलिपि

***नोटः*** **बालीको बिमा शुल्कमा अनुदान कार्यक्रमको हकमा आवेदन दिने मिति २०८० असार १५ सम्म हुनेछ ।**

*कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट nawalpur.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।*

**थप जानकारीको लागि ०७८-५४११५४, ९८५५०५३२४८, ९८४७२६९९८२, ९८४५२०३५४१, ९८४७१८६२७३ मा सम्पर्क गर्न सकिनेछ ।**

गोपाल शर्मा लामिछाने
प्रमुख